# शिक्षणमा शिक्षक तालिमको प्रयोग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम. एड.) दोस्रो वर्ष
शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका
लागि शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत

## शोधपत्र


शोधार्थी
रोमनाथ शर्मा
त्रि.वि. दर्ता नं. ७०७५-८७
परीक्षा रोल नं. २१४०११०
क्याम्पस रोल नं. ३७५
शैक्षिक वर्ष २०६३ /०६४



प्रस्तुत :
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
श्री सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ्ग


पौष,२०६८

# सिफारिस -पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तरगत स्नातकोत्तर तह दोस्रो वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि **शिक्षणमा शिक्षक तालिमको प्रयोग** शीर्षकको शोधपत्र शोधार्थी रोमनाथ शर्माले मेरो सल्लाह र निर्देशनमा तयार पार्नुभएकोले आवश्यक मूल्याङ्कनको लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मितिः२०६८/११/७

लक्ष्मीकुमार श्रेष्ठ

शोधनिर्देशक

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
सुकुना बहुमुखी क्याम्पस
**SUKUNA MULTIPLE CAMPUS**
इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित: २०४८

पत्रसङ्ख्या:
चलानी नम्वर:

मिति:२०६८/ /

**विषय :** स्वीकृति -पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तरगत सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर,मोरङ, शैक्षिक योजना तथा व्यवस्थापन विभागका छात्र श्री रोमनाथ शर्माले स्नातकोत्तर तहको शैक्षिक योजना तथा व्यवस्थापन विषयको Ed.PM. ५९८ पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत गर्नुभएको **शिक्षणमा शिक्षक तालिमको प्रयोग** शीर्षकको शोधपत्र शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति** हस्ताक्षर

१. विभागीय प्रमुख तथा शोधनिर्देशक

श्री लक्ष्मीकुमार श्रेष्ठ ............................

२. बाह्य परीक्षक

प्रा.डा. श्री बासुदेव काफ्ले ............................

३. सदस्य

श्री केशव भट्टराई ............................

मितिः२०६८/११/७

## प्राक्कथन

विषयवस्तुको गहिरो अध्ययन तथा खोज गरेर सत्य पहिचान गर्ने कार्य अनुसन्धान भएकाले यो आफैंमा गहन, जटिल तथा खोजमूलक विषय हुँदाहुँदै पनि प्रस्तुत शोधकार्यमा शिक्षकले तालिममा सिकेका विभिन्न पक्षहरुलाई कक्षा क्रियाकलापमा के कस्तो अवस्थामा प्रयोग गरिरहेका छन् भन्ने सम्बन्धमा विभिन्न तथ्यहरुको अध्ययन गरी निष्कर्षमा पुग्ने काम भएकोले आगामी दिनमा यस क्षेत्रमा हुन सक्ने खोज तथा अनुसन्धानका लागि यसबाट सहयोग पुग्न सक्ने विश्वास लिएको छु ।

शिक्षणमा शिक्षक तालिमको प्रयोग शीर्षकको प्रस्तुत शोधपत्रको शीर्षक चयन,प्रस्ताव लेखन तथा अन्तिम प्रारुप तयारीको कार्यसम्म कुशल निर्देशन तथा मार्गदर्शनका लागि समय प्रदान गरी अमूल्य सहयोग,सल्लाह,सुझावका साथै हौसला एवम् प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु तथा शोधनिर्देशक श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी समय समयमा सल्लाह, सुझाव दिनुहुने आदरणीय गुरु श्री गणेश दाहाल ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यो शोधकार्यलाई सम्पन्न गर्ने क्रममा नमूना छनौटमा परी आवश्यक सूचना तथा तथ्याङ्क एवम् जानकारी उपलब्ध गराउनुहुने शिक्षकहरु, विद्यार्थीहरु तथा प्रधानाध्यापकहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसकार्यमा मलाई सहयोग पुऱ्याउनुहुने मेरा सहपाठी साथीहरु पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यो शोधपत्रको टङ्कनकार्य तथा सेटिङमा आवश्यक सहयोग पुऱ्याउनुहुने इलाम डेस्कटप सेन्टर, इलामका प्रोपाइटर श्री युवराज थामी प्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर,मोरङ परिवार प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता ज्ञापन गर्दछु ।

रोमनाथ शर्मा

# शोधसार


"शिक्षणमा तालिमको प्रयोग" शीर्षकमा गरिएको यस अध्ययनको मुख्य उद्देश्य शिक्षणमा शिक्षक तालिमको प्रयोगको लेखाजोखा गर्नु रहेको छ ।

यस अध्ययनलाई सम्पन्न गर्ने क्रममा आवश्यक पर्ने जनसंख्या छनौट गर्दा सम्भाव्य नमूना छनौट विधिको प्रयोग गरिएको छ भने अध्ययनलाई निष्कर्षमा पुऱ्याउन गुणात्मक एवम् परिमाणात्मक ढाँचामा आधारित रहेर अनुसन्धानलाई सञ्चालन गरिएको छ । अध्ययनका लागि इलाम जिल्ला अन्तरगत माबु स्रोतकेन्द्रभित्रका सामुदायिक विद्यालयहरु, उक्त विद्यालयहरुमा अध्यापनरत शिक्षकहरु तथा अध्ययनरत विद्यार्थीहरुलाई जनसंख्याको रुपमा लिइएको छ भने इलाम जिल्ला स्थित माबु स्रोतकेन्द्रभित्रका ८ वटा सामुदायिक प्राथमिक विद्यालयहरु तथा ती विद्यालयहरुमा अध्यापनरत १६ जना शिक्षकहरु साथै उक्त विद्यालयहरुको कक्षा ५ मा अध्ययनरत ५/५ जना विद्यार्थीहरुलाई नमूना जनसंख्याको रुपमा छनौट गरिएको छ । शिक्षकहरुका लागि प्रश्नावली, कक्षा अवलोकन फाराम, कक्षा अवलोकन रुजुसूची र लक्षित समूह निर्देशिकालाई आवश्यक तथ्याङ्क तथा सूचना संकलनको साधनको रुपमा प्रयोग गरिएको छ ।

अध्ययनको क्रममाा कक्षा व्यवस्थापन सम्बन्धी सीपको प्रयोगको अवस्था कमजोर रहेको पाइयो । शिक्षकको विषयवस्तुको प्रस्तुती र विद्यार्थी मूल्याङ्कन सम्बन्धी सीपको प्रयोगको अवस्था सन्तोषजनक रहेको पाइयो । शिक्षण विधिको प्रयोग, सारांश र निष्कर्ष सीपको प्रयोग ७५% शिक्षकहरुबाट भएको पाइयो भने शैक्षणिक सामग्रीको छनौट तथा प्रयोग सम्बन्धी सीपमको प्रयोग सन्तोषजनक अवस्थामा भएको र शिक्षण क्रियाकलाप सीपमको प्रयोग राम्रो रहेको पाइयो । शिक्षकले तालिममा प्राप्त गरेका सबै सीपहरुलाई शिक्षणमा प्रयोग नगर्नुमा अनुपयुक्त कक्षाकोठा, सामग्रीको अभाव, कमजोर भौतिक तथा आर्थिक अवस्था, तालिम अनुगमनको अभाव तथा शिक्षकहरुमा जिम्मेवारी बोधको अभाव, सेवाकालिन तथा अल्पकालिन तालिमको अभाव समस्याको रुपमा रहेको पाइयो ।

शिक्षणमा शिक्षक तालिमको प्रयोगमा देखापरेका समस्याहरु समाधानका लागि विद्यालय व्यवस्थापन समितिले स्रोतहरुको पहिचान गरी विद्यालयको आर्थिक तथा भौतिक अवस्थामा सुधार गर्नुपर्ने, शिक्षकहरुलाई शिक्षणका लागि आवश्यक पर्ने सामग्रीहरु प्रधानाध्यापकले उपलब्ध गराउनुपर्ने, शैक्षिक जनशक्ति विकाश केन्द्र र यस अन्तरगतका निकायहरुबाट तालिम अप्राप्त शिक्षकहरुका लागि सेवाकालिन तालिम तथा तालिम प्राप्त शिक्षकहरुका लागि अल्पकालिन तथा पुनर्ताजगी तालिम सञ्चालन गरी समय समयमा तालिम अनुगमन गरी अनुगमनका आधारमा शिक्षकहरुलाई दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने, शिक्षक तालिमको महत्व प्रष्ट पार्नका लागि वि.व्य.स., शि.अ.संघ, विद्यार्थी तथा अभिभावकहरुका लागि शैक्षिक जनशक्ति विकाश केन्द्र, तालिम केन्द्र, जिल्ला शिक्षा कार्यालय तथा स्रोतकेन्द्रवाट तालिम सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको पाइयो ।

# विषयसूची

## परिच्छेद एक : परिचय


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ४ |
| १.४ | अध्ययनको उद्देश्य | ५ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ५ |
| १.६ | अध्ययनको परिसीमा | ६ |
| १.७ | शब्दावलीहरुको परिभाषा | ६ |


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका


| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | ११ |
| २.३ | पुनरावलोकनको उपादेयता | १२ |


## परिच्छेद तीन : अध्ययन विधि


| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.२ | जनसङ्ख्या | १४ |
| ३.३ | नमूना छनौट विधि र नमूनाको आकार | १४ |
| ३.४ | अनुसन्धानका साधनहरू | १४ |
| ३.५ | साधनहरुको वैद्यता | १५ |
| ३.६ | तथ्याङ्कको स्रोत | १५ |
| ३.७ | तथ्याङ्क संकलन प्रक्रिया | १६ |
| ३.८ | तथ्याङ्क विश्लेषण प्रक्रिया | १६ |


## परिच्छेद चार : सूचनाहरूको विश्लेषण र व्याख्या


| | | |
|---|---|---|
| ४.१ | शिक्षक तालिमको वर्तमान स्थिति | १७ |
| | ४.१.१ शिक्षक तालिमको अवस्था | १७ |
| | ४.१.२ तालिम प्राप्त शिक्षकले प्राप्त गरेको तालिमको किसिम | १८ |
| ४.२ | शिक्षणमा तालिमबाट सिकेका सीपहरूको प्रयोग | १८ |
| | ४.२.१ कक्षा व्यवस्थापन | २० |
| | ४.२.२ शिक्षकको तयारी | २१ |

| | | |
|---|---|---|
| | ४.२.३ विषयवस्तुको प्रस्तुती | २२ |
| | ४.२.४ शिक्षण विधिको प्रयोग | २४ |
| | ४.२.५ शैक्षणिक सामग्रीको छनौट तथा प्रयोग | २६ |
| | ४.२.६ शिक्षण क्रियाकलाप | २७ |
| | ४.२.७ विद्यार्थी मूल्याङ्कन | ३० |
| | ४.२.८ सारांश र निष्कर्ष | ११ |
| ४.३ | तालिमको प्रयोगमा देखिएका समस्याहरु | ३३ |
| | ४.३.१ अनुगमन तथा सुपरिवेक्षण | ३३ |
| | ४.३.२ शैक्षिक वातावरण | ३४ |
| | ४.३.३ भौतिक वातावरण | ३४ |
| | ४.३.४ तालिमको प्रभावकारिता | ३४ |
| ४.४ | शिक्षक तालिमलाई प्रभावकारी बनाउने उपायहरु | ३५ |
| | ४.४.१ आवश्यकताको पहिचान | ३५ |
| | ४.४.२ शिक्षकहरुमा प्रतिवद्धता | ३६ |
| | ४.४.३ विद्यालयको व्यवस्थापकीय पक्ष | ३६ |
| | ४.४.४ नीतिगत व्यवस्था | ३६ |

परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझावहरू

| | |
|---|---|
| ५.१ प्राप्ती | ३७ |
| ५.२ निष्कर्ष | ३९ |
| ५.३ सुझावहरू | ४० |
| सन्दर्भसूची | ४१ |
| अनुसूचीहरु | ४२ |

# तालिकासूची

पेज नं.


| | |
|---|---|
| तालिका ४.१ शिक्षक तालिमको अवस्था | १७ |
| तालिका ४.२ शिक्षकले प्राप्त गरेको तालिमको किसिम | १८ |
| तालिका ४.३ तालिममा सिकेका सीपहरूको शिक्षणमा प्रयोगको अवस्था | १९ |
| तालिका ४.४ शिक्षकको तयारीसँग सम्बन्धित सीपहरूको प्रयोगको अवस्था | २१ |
| तालिका ४.५ विषयवस्तुको प्रस्तुतीसँग सम्बन्धित सीपहरूको प्रयोगको अवस्था | २३ |
| तालिका ४.६ शिक्षण विधिसँग सम्बन्धित सीपहरूको प्रयोगको अवस्था | २५ |
| तालिका ४.७ शैक्षणिक सामग्रीको छनौट र प्रयोग सँग सम्बन्धि सीपहरूको प्रयोगको अवस्था | २६ |
| तालिका ४.८ शिक्षण क्रियाकलापसँग सम्बन्धित सीपहरूको प्रयोगको अवस्था | २८ |
| तालिका ४.९ विद्यार्थी मूल्याङ्कन सँग सम्बन्धित सीपहरूको प्रयोगको अवस्था | ३० |
| तालिका ४.१० सारांश र निष्कर्ष सँग सम्बन्धित सीपहरूको प्रयोगको अवस्था | ३१ |

# संक्षिप्तरुप

| | |
|---|---|
| SSRP | School Sector Reform Program |
| TPD | Teacher's Professional Development |
| ETC | Edcuational Traning Center |
| I.Ed. | Intermediate of Education |
| B.Ed. | Bachelor of Education |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.सं. | शिक्षक अभिभावक संघ |
| शै.ज.वि.के. | शैक्षिक जनशक्ति विकास केन्द्र |
| वि.सं. | विक्रम संवत् |
| सि.उ. | सिकाइ उपलब्धि |